# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रुकुम(पश्चिम )
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


मिति: २०७५/१२/०८

पत्र संख्या: २०७५/०७६

चलानी नम्बर ...............

## बेरोजगार भएको आवेदन पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

(प्रथम पटक प्रकाशित मिति: - २०७५/१२/०८ गते)

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यान्वयनको लागि यस नगरपालिका मातहत स्थापना गरिएको **रोजगार सेवा केन्द्रमा** यहि मिति २०७५ चैत्र मसान्तभित्र सम्बन्धित वडा कार्यालय मार्फत आईपुग्ने गरी बेरोजगार व्यक्ति भएको भनी यस नगरपालिकाबाट उपलब्ध गराईएको प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को अनुसूची १ बमोजिमको आवेदन फारम भरी तपसिलमा उल्लेख भएअनुसारका कागजात सहित पेश गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

१. बेरोजगार व्यक्तिको आवेदन संकलन गर्ने सम्बन्धमा सबै वडा कार्यालयहरुलाई परिपत्र गरिसकिएको छ । विस्तृत जानकारी सम्बन्धीत वडा कार्यालय मार्फत बुझ्न सकिनेछ ।

२. आवेदनका साथ देहायका कागजातहरु संलग्न गर्नुपर्नेछः-
   - क. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
   - ख. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
   - ग. अल्पसङ्ख्यक, लोपोन्मुख जनजाति, सीमान्त वर्ग, सहिद, घाईते तथा बेपत्ता परिवारको सदस्य भएको भए सोको सिफारिस पत्र
   - घ. अशक्तता, अपाङ्गता भएमा सोको प्रमाणित प्रतिलिपी
   - ङ. अनुभव भए अनुभवको प्रमाणित प्रतिलिपी
   - च. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

३. यस नगरपालिकाको तर्फबाट अर्को व्यवस्था नभएसम्म प्रशासन सहायक श्री टेकबहादुर चन्दलाई वडा कार्यालय मार्फत आवेदन संकलन गर्ने प्रयोजनको लागी खटाईएको छ ।

४. थप जानकारीको लागि नगरपालिको कार्यालय वा मोवाईल नं. ९७४१३८९९६१ ,९७४८५८३१३८ , ९७४१५१२६७७ मा सम्पर्क गर्न सकिनेछ ।

रामबहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत